जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.वि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १०७ २०८१ साल मंसिर ७ गते शुक्रबार (22 Nov. 2024 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : जलवायु वित्तको आकार नबढे एनडिसीका.. ३ पृष्ठमा : प्रादेशिक तथा स्थानीय सडक ... ३ पृष्ठमा सिरियामा भएको ...

# आर्थिक अभावले उपचार गराउन नपाएका सदाद्वारा ओच्छ्यानबाटै सहयोगको याचना



**दैनिक समाचारदाता राजविराज, ६ मंसिर ।**

राजविराजस्थित गजेन्द्रनारायण सिह अस्पतालबाट २० दिन अघि रेफर गरिएका राजविराज ६ दलित वस्तीका २७ वर्षिय रुपेश सदा आर्थिक अभावले घरको ओच्छ्यानबाटै जीवन रक्षका लागी आर्थिक सहयोगको याचना गरेका छन ।

नसा च्यापिएर हिडडुल गर्न नसक्ने भइ उपचारको अभावमा घरको ओच्छ्यानबाट आफ्नो ज्यान बचाउन सहयोगको याचना गरेका हुन ।

पेशाले मजदुर रहेको उनी एक महिना अघि ढलानको काम गर्ने क्रममा टाउकोमा सिमेन्टको बोरा बोकेर लैजादै गर्दा अचानक लडेर अचेत भएका थिए । सो क्रममा टाउको, घाँटी र ढाडमा चोट लागेर घाउ हुनुका साथै उनको घाँटी र ढाडको नसा च्यापिएको थियो । जसकारण उनी हिडडुल गर्न नसक्ने समेत भएका छन ।

घाइते श्रीमान् रुपेशको उपचार गर्न मजदुरी पेशमा मै संलग्न श्रीमती रम्भाले उपचारका लागी वडा कार्यालयबाट केही सहयोग तथा साहु महाजनसँग ऋण सापटी खोजेर उपचारका लागी धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुऱ्याएकी थिइन । त्यहाँ ५ दिनको उपचार र बसाईमा साथमा रहेको १ लाख १० हजार मध्ये १ लाख ५ हजार खर्च भईसक्दा पनि निको नभएको र चिकित्सकले, अप्रेशन गर्नू पर्छ भन्दै थप १ लाख ५० हजार रुपैया व्यवस्था गर्नु भनेपछि पैसा नहुदा उपचार नै नगरी श्रीमानलाई लिइ फर्केको उनले सुनाइन ।

धरानबाट फर्केपछी श्रीमानलाई ५ दिन स्थानीय गजेन्द्रनारायण सिह अस्पतालमा समेत भर्ना गराएको र त्यहाँ चिकित्सकले नशा सम्बन्धि रोगको उपचारका लागी बाहिर लैजाने सल्लाहसहित रेफर गरिदिएको रम्भाले सुनाईन ।

“पहिल्यै लिएको ऋण कर्जा तिर्न सकेकी छैन, काममा बाहिर पनि निस्कन सकेकी छैन, आँखाबाट आँसु झार्दै उनले भनिन- जीवन मरणको दोसाँधमा रहेका श्रीमानको उपचार, ३ जना नाबालक

*बाँकी अन्तिम पृष्ठमा*

# वित्तीय संस्थामा आगो लगाइदिने भन्दै सामाजिक संजालमा पोष्ट गरेका भगत पक्राउ

जीवन विकास लघुवित्त वित्तीय संस्था लि.

JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.

**दैनिक समाचारदाता राजविराज, ६ मंसिर ।**

वित्तिय संस्थाको कार्यालयमा आगो लगाई दिने अभिव्यक्ति सामाजिक संजालमा पोष्ट गरेका एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

सप्तरीको खडक नगरपालिका ५ खरचुहिया निवासी ४६ वर्षिय उमेश भगतलाई बिहीबार प्रहरीले पक्राउ गरेको हो ।

जीवन विकास लघुवित्त बित्तीय संस्था लि. शाखा कार्यालय कठौना शम्भुनाथ सप्तरीका प्रमुख सम्झना कुमारी पौदारले मंसिर २ गते शान्ति सुरक्षाको माग गर्दै प्रमुख जिल्ला अधिकारीसमक्ष दिएको निवेदनको आधारमा भगत पक्राउ परेका हुन् ।

प्रमुख पौदारद्वारा दिइएको निवेदनमा “जीवन विकास लघुवित्त वित्तीय संस्था लि. शाखा कार्यालय कठौनामा शाखाले प्रवाह गरेको ऋणको नियमित असुली भइरहेको क्रममा अन्यायी उमेश भगतले ऋणीहरुबाट कसैसँग ५ हजार, कसैसँग १० हजार, कसैसँग १५ हजार रुँपैया असुली गरी सो ऋण चुक्ता गर्नु पर्दैन भन्दै अफवाह फैलाई ऋणीहरुलाई आफ्नो तर्फबाट परिचयपत्र बाँड्दै हिडेको अवस्था” उल्लेख गरिएको छ ।

सोही निवेदनमा “उमेश भगतले २०८१ कात्तिक ३० गते आफ्नो फ्सबुकमा पोष्ट मार्फत जीवन विकास लघुवित्त बित्तीय संस्था लि. शाखा कार्यालय कठौना र सोको सिइयो र कर्मचारीलाई आरोपित गरी २०८१ मंसिर ३ गते शाखा कार्यालयमा आगो लगाइदिने र कर्मचारीलाई प्रहरी कार्यालयमा बुझाउने कार्यक्रम जारी गरेका छन् ।”

पक्राउ परेका भगत हाल जिल्ला प्रहरी कार्यालय सप्तरीको नियन्त्रणमा रहेको र उनीमाथी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिएका छन् ।

**श्री सिद्धार्थ गौतम बुद्ध यातायात सेवा केन्द्र प्रालिद्वारा संचालित**

**हुलाकी मार्गबाट राजविराजदेखी सिरहा माडर सम्म बस, मिनि बस, माइक्रो, विंगर, म्याजिक**

राजविराज, बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुँदै सिरहा माडरसम्मको आरामदायी यात्राका लागि हामीलाई सम्पर्क गर्नुहोस् ।

**यातायात संचालन हुने स्थान**

राजविराज राम मन्दिरको छेउमा सिरहा रोड

**सम्पर्क व्यक्ति**

**मन्त्रि यादव**

सम्पर्क नं. ९८१९९५३७७७

**अमरेन्द्र बर्मा**

९८०७७१६९५४

**शम्भु प्रसाद यादव**

९८०७७९३८२२

**खुशीको खबर ! खुशीको खबर ॥**

**राजविराजबाट सिरहा माडरसम्मको आरामदायी यात्राका लागि**

सिरहा रोड राजविराजस्थित राम मन्दिरदेखी बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुलाकी सडक हुँदै सिरहा माडरका लागि यही कात्तिक २३ गतेदेखी **विंगर** संचालन भएको जानकारी गराइन्छ ।

**सम्पर्क व्यक्ति**

**गुलाब यादव**

सम्पर्क नं. ९८०५९००५११

**बालविवाह मुक्त समाज निर्माण गरौं**

- बालविवाह सामाजिक र कानूनी अपराध हो,
- बालविवाह गर्ने, गराउने कार्य कानून बमोजिम दण्डनीय हो,
- तोकेको उमेर नपुगी भएको विवाह स्वत: बदर हुने कानूनी व्यवस्था छ,

त्यसैले,

- वीस बर्ष नपुगी विवाह नगरौं, नगराऔं,
- बालविवाहको विरुद्धमा सबै जुटौं,
- दोषीलाई कानूनको दायरामा ल्याऔं,
- बालविवाह मुक्त समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## विकासीय कार्यले गति नलिनुमा दोषि को !

अहिले सप्तरीमा भइरहेको विभिन्न विकासीय कार्यहरु निकै सुस्त छ । विगत लामो समयदेखी भइरहेको ती विकासीय कार्यहरुमा कुनै ठप्प छन् भने कुनै कछुवाको तालमा रहेका छन् । सम्बन्धीत निकायलाई घचघच्याउदा पनि ती कार्यहरु अघि बढ्न सकेका छैनन् । राजविराजस्थित हटिया, बसपार्क, गजेन्द्र नारायण सिंह अस्पताल परिसरको भवन, रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको कार्य, कृषि विश्वविद्यालयको भवन, विभिन्न वडा तथा राजमार्गको सडक लगायतका कार्य सम्पन्न गर्न/गराउनमा निकै ढिलासुस्ती भइरहेको छ ।

लामो समयदेखी भइरहेको ती विकासीय कार्यलाई ढिलो नगरिकन सम्पन्न गराउन सम्बन्धित निकायले तादारुकता देखाउनु जरुरी छ । विकासको मामिलामा सप्तरी अझै पछाडी परेको जिल्ला हो । यसमा सबैभन्दा अग्रपंक्तिमा रहेको छ सडकहरु । नगरपालिका स्थापना भएकालदेखी नै नबनेका सडकहरु अहिले निर्माण भइरहेको छ । तर ठेकेदार कम्पनीको हेलचक्राई तथा सम्बन्धीत निकायको मौनताका कारण ती कार्यहरु ओझेलमा परेका छन् ।

विकासी कार्यमा कसैले वाधा उत्पन्न गर्नुहुँदैन् । यो कार्य भनेको व्यक्ति होइन् सबैको लागि हो । जे भएपनि जुनसुकै बहानामा विकासीय कार्यले प्राथमिकता पाउनु भनेको सकारात्मक नै मान्नु पर्छ । तसर्थ जिल्लाको विकासीय कार्यलाई तिब्रता दिएर सम्पन्न गराउनेतर्फ सबैको ध्यान जानु उत्तिकै आवश्यक छ । यसप्रति सबैले सकारात्मक सोचका साथ लिनुपर्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# जलवायु वित्तको आकार नबढे एनडिसीका महत्वकाङ्क्षी लक्ष्य अधुरै रहने

**प्रगति ढकाल**

बाकु, (अजरबैजान), ६ मङ्सिर (रासस) ।

विकसित मुलुकले जलवायु वित्तको आधार नबढाए अतिकम विकसित मुलुकहरूले राखेका राष्ट्रिय निर्धारित योगदान (एनडिसी) का लक्ष्य अधुरै रहने जनाउँदै चिन्ता व्यक्त गरिएको छ ।

राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी प्रारूप महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरूको २९औँ सम्मेलन (कोप-२९) अन्तर्गत बाकु अजरबैजानमा जारी सम्मेलनमा विकसित मुलुकले जलवायु वित्त बढाउनुपर्ने विषयमा छलफल भइरहेको हो ।

एनडिसीले निर्धारण गरेका लक्ष्य कार्यान्वयनका लागि आवश्यक पर्ने वित्त व्यवस्थापनमा नेपाल जस्ता मुलुकको क्षमता नहुने र कोपमा पनि जलवायु वित्तको आकार बढाउनुपर्ने एजेन्डामा सहमति हुन नसके एनडिसीका लक्ष्य पनि अधुरै रहने भन्दै अतिकम विकसित मुलुकका प्रतिनिधिले चिन्ता गरेका हुन् ।

नेपालमा सन् २०३० सम्म एनडिसी कार्यान्वयन गर्न ३३ दशमलव चार विलियन अमेरिकी डलर बराबर रकम लाग्ने अनुमान गरिएको छ । कार्यान्वयन योजनामा प्रस्तुत लागत नेपालको दोस्रो एनडिसी सन् २०२० मा प्रस्तुत गरिएको थियो । एनडिसी कार्यान्वयनका लागि नेपालले अनुदानमा आधारित अन्तर्राष्ट्रिय सार्वजनिक वित्तलाई प्राथमिकता दिएको छ । साथै वैदेशिक सहयोग, आन्तरिक स्रोत तथा विभिन्न निजी वित्तका स्रोतबाट रकम जुटाइने लक्ष्य राखिएको छ । नेपाल सरकारले सन् २०२० को डिसेम्बरमा युएनएफसिसिसीलाई आफ्नो दोस्रो राष्ट्रिय निर्धारित योगदान पेस गरेको थियो ।

कोप-२९ शुक्रबारसम्म जारी रहनेछ । वित्तको आकार बढाउने विषयमा सहमति जुट्न सकेन भने फेरि केही दिन कोप लम्बिने जनाइएको छ । विगतका कोप पनि सहमति नजुटेर लम्बिएको थियो । पूर्वनिर्धारित तालिका अनुसार बिहीबार र शुक्रबार दुई दिनमा विकसित मुलुकलाई जलवायु वित्त बढाउनुपर्ने एजेन्डामा सहमतिमा ल्याउन सकिएन भने जलवायु वित्तको आकार खुम्चिरहने भन्दै उपस्थित प्रतिनिधिमा चिन्ता छाएको हो ।

जलवायु वित्त बढाउनुपर्ने मुद्दामा सहमति हुन नसकेमा जलवायु परिवर्तनसम्बन्धी योजना कार्यान्वयनमा समस्या उत्पन्न हुने भन्दै नेपालले पनि जलवायु वित्तको आकार बढाउनुपर्ने र उक्त वित्तमा नेपालको सरल पहुँच सुनिश्चित हुनुपर्ने मुद्दालाई मुख्य एजेन्डा बनाई स्थितिपत्र तयार गरेर कोपमा सहभागिता जनाएको छ ।

नेपालको नेतृत्व गर्दै कोपलाई सम्बोधन गर्न बाकु आउनुभएका राष्ट्रपति रामचन्द्र पौडेल स्वदेश फर्किसक्नुभएको छ । कोपमा उहाँले जलवायुको वित्त बढाउनुपर्ने, कार्बन उत्सर्जन न्यूनीकरण गरेर हिमाल र पृथ्वीको सुरक्षा गर्नुपर्नेलगायत मुद्दामा आफ्नो धारणा राख्नुभएको थियो ।

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले कोपमा विभिन्न दातृ राष्ट्र तथा निकायसँग नेपालको हितमा द्विपक्षीय वार्तासमेत गर्नुभएको छ । वार्तामा उहाँले जलवायु वित्त अनुदान बढाउनुपर्ने विषयमा जोड दिएर स्वदेश फर्कसक्नुभएको छ ।

वन तथा वातावरण मन्त्रालयका सचिव डा दीपककुमार खरालको नेतृत्वमा अहिले नेपाली प्रतिनिधि कोपमा सहभागिता जनाइरहेको छ । प्रतिनिधिले कोपमा जलवायु वित्त दायित्व बढाउन नसकेको खण्डमा नेपालले राखेका एनडिसिका योजनासमेत कार्यान्वयन हुन नसक्ने भन्दै पैरवीका लागि जोड गरिरहेका छन् ।

सचिव खरालले चालु कोप सम्मेलनमा पनि विकसित मुलुकले जलवायु वित्तको आकार बढाएर नैतिक दायित्व पूरा गर्न सकेनन् भने एनडिसी कार्यान्वयनमा चुनौती देखिने बताउनुभयो । "नेपालका लागि आवश्यक पर्ने जलवायु लागत अभाव भएमा हामीले राखेका एनडिसीका महत्वकाङ्क्षी लक्ष्यको कार्यान्वयनमा चुनौती देखिने छ", उहाँले भन्नुभयो, "नेपालले पनि अतिकम विकसित मुलुकको समूह (एलडिसी) सँग मिलेर जलवायु वित्तको दायित्व बढाउनुपर्नेमा धनी मुलुकलाई दबाब दिइरहेको छ ।"

विगतका कोपमा झैं यस पटकको सम्मेलनमा पनि धनी तथा विकसित मुलुकहरूले जलवायु वित्तको दायित्व बढाउनुपर्ने एलडिसीमा रहेका मुलुकहरूको माग रहेको छ ।

वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन महाशाखाका प्रमुख डा सिन्धुप्रसाद ढुङ्गानाले बाकुमा जारी कोपमा धनी मुलुकहरूलाई जलवायु वित्तको दायित्व बढाउन पैरवी भइरहेको भन्दै यदि धनी मुलुकहरूले वित्तीय दायित्व बढाउन आनाकानी गरेमा नेपालले राखेका एनडिसीका लक्ष्य कार्यान्वयनमा चुनौती आउनसक्ने बताउनुभयो ।

"नेपालले राखेका जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका स्पष्ट खाकासहितको राष्ट्रिय निर्धारित योगदान (एनडिसी)का लक्ष्य पूरा गर्न हामीलाई आर्थिक स्रोत आवश्यक पर्छ", उहाँले भन्नुभयो, "यी लक्ष्य कार्यान्वयन गर्न आवश्यक पर्ने लागत व्यवस्थापन गर्ने नेपालको आन्तरिक वित्तले पुग्दैन । बाह्य वित्त सहयोग आवश्यक भएकाले जलवायुका विभिन्न कोष छन्, ती कोषमा अनुदान बढाउनपर्छ भनेर दबाब दिइरहेका छौँ ।"

जलवायु व्यवस्थापन महाशाखा प्रमुख ढुङ्गानाले कोप सम्मेलन जारी रहेकाले विकसित मुलुकहरू जलवायु वित्त बढाउनुपर्ने एजेन्डामा सहमति हुनसक्ने विश्वास व्यक्त गर्नुभयो । "सम्मेलन सकिएको छैन, अहिल्यै विकसित मुलुकहरू जलवायु वित्तको दायित्व बढाउनुपर्ने नैतिक दायित्वबाट पछि हट्लान भनेर चिन्ता लिनुपर्दैन । समय बाँकी रहेकाले उहाँहरू सहमतिमा आउनुहुने आशा गरेका छौँ", उहाँले भन्नुभयो, "कार्बन उत्सर्जन कटौती गरेर पृथ्वीको तापमान वृद्धिलाई एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित राख्न नेपाल तयार छ । कार्बन उत्सर्जन बढी गराउने मुलुकहरूले पनि नैतिक दायित्व बढाएर जलवायु वित्त बढाउनुपर्छ भनेर पैरवी गरिरहेका छौँ ।"

मन्त्रालयका उपसचिव राजु सापकोटाले एनडिसीका निर्धारित लक्ष्य कार्यान्वयन गर्न वित्त स्रोत व्यवस्थापन हुनु जरुरी रहेकामा जोड दिनुभयो । "एनडिसीका लक्ष्य कार्यान्वयनका लागि आवश्यक पर्ने करिब ३३ विलियन अमेरिकी डलरमध्ये ३० विलियनका लागि अन्तर्राष्ट्रिय तहको निजी तथा सार्वजनिक वित्त संस्थाको सहयोग आवश्यक पर्छ, बाँकी तीन विलियन नेपाल सरकारले आन्तरिक रूपमा निजी तथा सार्वजनिक वित्त परिचालन गर्ने छ", उहाँले भन्नुभयो ।

कोपमा नेपालका तर्फबाट नेगोशेसनमा भाग लिँदै आउनुभएका मञ्जित ढकालले कार्बन उत्सर्जन कटौतीमार्फत पृथ्वीको तापमान वृद्धि एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित राख्नुपर्ने र जलवायु आर्थिक दायित्व बढाउनुपर्ने एजेन्डा कार्यान्वयन गर्ने विषयमा सकारात्मक निष्कर्ष आउने अपेक्षा गर्नुभयो ।

"कोपको निर्धारित समयसम्ममा सहमति आउने विश्वास लिएका छौं । जलवायु वित्त बढाउनुपर्ने दायित्व बाध्यकारी नभइ स्वेछिक रहेकाले जलवायु वित्त बढाउन आनाकानी भने भइरहेको छ, जलवायुविद्समेत रहनुभएका ढकालले भन्नुभयो ।

जलवायुविद् डा सन्तोष नेपालले बाकुमा जारी कोप सम्मेलनमा विकसित मुलुकले जलवायु वित्तका दायित्व बढाउने सन्दर्भमा निरन्तर दबाब दिइरहनुपर्ने बताउनुभयो । "विकसित मुलुकले अर्को वर्ष ब्राजिलमा हुने ३०औँ कोपमा जलवायु वित्तको आकार बढाउँछौँ भनेर प्रतिबद्धता जनाउन सक्लान् । तर एक वर्षको समयसम्म पर्खिँदा समस्या बढ्दै जानसक्ने भएकाले निरन्तर छलफल र दबाब दिइरहेका छौँ ।"

यसैबीच, कोप सम्मेलनका क्रममा अष्ट्रेलियन सरकारले जलवायु सङ्कटबाट भएको क्षति र क्षतिको सामाना गर्नका लागि ५० मिलियन डलर जलवायु वित्त अनुदान दिने घोषणा गरिसकेको छ ।

# मेडिकल कलेज तथा सरकारी अस्पताललाई शुल्क विवरण सार्वजनिक गर्न परिपत्र

काठमाडौँ, ६ मङ्सिर (रासस) ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आफ्नो सेवा शुल्क सार्वजनिक गर्न निजी मेडिकल कलेज तथा सरकारी अस्पताललाई परिपत्र गरेको छ ।

मन्त्रालयले पठाएको पत्रमा आफ्ना स्वास्थ्य सेवामा लाग्ने शुल्कको विवरण वेबसाइटमा राख्न तथा सेवाग्राहीले सहज रुपमा जानकारी पाउने व्यवस्था गर्न भनेको हो ।

मन्त्रालयले पठाएको पत्रमा शल्यक्रिया शुल्क खुलाउनु पर्ने, सबै खालका शय्याको विवरण, रेडियोलोजी सेवा तथा ल्यावको शुल्क विवरणसमेत खुलाउन भनिएको छ । त्यसैगरी टिकटसहितका अरु सेवाको विवरणसमेत खुलाएर सेवाग्राहीलाई जानकारी गराउन मन्त्रालयले पत्राचार गरेको छ ।

तोकिएभन्दा बढी शुल्क लिएको गुनासो सुनिएपछि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेलले सबैलाई जानकारी पाउने गरी शुल्क विवरण राख्ने व्यवस्था मिलाउन भन्नुभएको थियो । मन्त्री पौडेलले चासो लिए पछि मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाले शुल्क विवरण सार्वजनिक गर्न परिपत्र गरेको हो ।

मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले मन्त्रालयले परिपत्रपछि विवरण सार्वजनिक भए नभएको अनुगमन गर्ने तयारी गरेको बताउनुभयो । "पहिलो चरणमा अनुगमन गरिनेछ । बढी लिएको वा शुल्क सार्वजनिक नगरेको पाइए नियमानुसार कारबाही हुनेछ", उहाँले भन्नुभयो ।

# 'प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम' प्रारम्भ

काठमाडौँ, ६ मङ्सिर (रासस)।

मुलुकमा सङ्घीयता लागु भएसँगै संविधानबाटै संघ, प्रदेश र स्थानीय तहका सरकारहरूबीच अधिकार र कार्यजिम्मेवारीको बाँडफाँटअनुसार तीन वटा प्रदेशमा सडक सञ्जाल सुधार गर्ने कार्यको प्रारम्भ गरिएको छ। सहरी विकास मन्त्रालयको संयोजकत्वमा आगामी पाँच वर्षमा मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशमा करिब रु १६ अर्ब ६४ करोडको लागतमा सडक सञ्जाल सुधार गर्ने कार्यको प्रारम्भ गरिएको हो।

शहरी विकास मन्त्रालयअन्तर्गत विश्व बैंकको ऋण सहयोगमा उक्त 'प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम'को बिहीबार यहाँ आयोजित समारोहमा शुभारम्भ तथा समझदारीपत्रमा हस्ताक्षर भएको छ। प्रादेशिक सडक सञ्जालको सुधार, सडक सञ्जालले नजोडिएका स्थानीय तहका केन्द्रमा आधारभूत सर्वयाम सडक पहुँच पुर्याउने साथै स्थानीय र प्रदेश सरकारको क्षमता अभिवृद्धि तथा संस्थागत सुदृढीकरण गर्ने कार्यक्रमको उद्देश्य रहेको मन्त्रालयले जनाएको छ।

उक्त कार्यक्रमअन्तर्गत २०० किमी सडक सर्वायाम सञ्चालन हुने गरी प्रादेशिक सडक स्तरोन्नति गर्ने, ३०० किमी प्रादेशिक सडकको आवधिक मर्मत गर्ने, २५०० किमी सडकको नियमित मर्मत सम्भार गर्ने, १०० किमी नयाँ सडक निर्माण गरी स्थानीय तह तथा वडा केन्द्रसम्म सर्वयाम सडकको पहुँच पुर्याउने कार्यक्रमको लक्ष्य रहेको छ। यसैगरी संघ, प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता विकास गर्ने, सडक पूर्वाधार निर्माण गर्ने निकायहरुको सडक सुरक्षा व्यवस्थापन सम्बन्धी क्षमता वृद्धि गर्ने कार्यक्रमको लक्ष्य छ।

समारोहमा उपप्रधानमन्त्री एवं सहरी विकास मन्त्री प्रकाशमान सिंहले यस कार्यक्रमले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि तीनै तहका सरकारबीच विकास निर्माणमा समन्वयात्मक भूमिका निर्वाह हुने बताउनुभयो। साथै उहाँले सडक सञ्जाल विकासका लागि मेरुदण्ड भएको बताउँदै तीन तहका सरकारको समन्वय रहेकाले यो परियोजना समयमै सम्पन्न हुने अपेक्षा गर्नुभयो। यसरी प्रादेशिक र स्थानीय सडक निर्माण तथा मर्मत गर्दा दिगो बनाउनका लागि वातावरणमैत्री, जलवायुमैत्री र श्रमिक मैत्री हुनुपर्ने उहाँको जोड थियो।

समारोहमा मन्त्रालयका सचिव मणिराम गेलालले कार्यक्रम कार्यान्वयनमा प्रदेश र स्थानीय सरकारको बढी भूमिका रहेको र संघले नीतिगत र बजेटको व्यवस्थाका लागि सहजीकरण गर्ने बताउनुभयो। साथै उहाँले सबै स्थानीय तहका केन्द्रसम्म पुग्ने सडकहरुलाई कालोपत्रे गर्नुका साथै अन्य प्रादेशिक तथा स्थानीय सडकहरुको निर्माण, स्तरोन्नतिका साथै मर्मत सुधार कार्यका लागि ठूलो लगानीको आवश्यकता पर्ने हुँदा विकास साझेदारहरुको सहयोग समेतको आवश्यकता देखिएको उल्लेख गर्नुभयो।

विश्व बैंकका 'सिनियर अपेरेसन अफिसर' विज्ञान प्रधानले यस कार्यक्रमको सफलताले स्थानीय सेवाग्राहीलाई ठूलो सहयोग पुग्ने बताउनुभयो। समारोहमा तीनै तहका भौतिक मन्त्रीहरुले एवं स्थानीय जनप्रतिनिधिहरुले उक्त कार्यक्रमलाई सफल बनाउन आफ्नो तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उक्त कार्यक्रमका संयोजक माधवप्रसाद भट्टराईले कार्यक्रमको आवश्यकता र औचित्यतामाथि प्रकाश पार्दै कार्यक्रम संचालनका लागि तीन तहका सरकार, सहरी विकास मन्त्रालय, प्रादेशिक भौतिक मन्त्रालय र स्थानीय तहको संस्थागत व्यवस्था समेत गरिएको जानकारी दिनुभयो। साथै उहाँले प्रदेश र स्थानीय तहले सिधै विकास साझेदारसँग सम्झौता गर्न सकिने व्यवस्था नहुँदा केन्द्र सरकारले विकास साझेदारसँग सम्झौता गरी सो रकम प्रदेश र स्थानीय तहमार्फत खर्च गरिने उल्लेख गर्नुभयो।

संविधानको अनुसूचीमा राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापनको जिम्मेवारी सङ्घ सरकारको हुने तथा प्रदेश लोकमार्गको जिम्मेवारी प्रदेश सरकारको र स्थानीय सडक, ग्रामीण सडक, कृषि सडकको जिम्मेवारी स्थानीय तहको हुने भनी उल्लेख छ।

साथै पन्ध्रौं योजनाको दीर्घकालीन सोच अनुसार विसं २१०० सम्ममा ९९ प्रतिशत

*बाँकी अन्तिम पृष्ठमा*




## विश्व समाचार

### सिरियामा भएको इजरायली हमलामा ३६ जनाको मृत्यु

दमास्कस (सिरिया), ६ मङ्सिर (रासस/एएफपी)।

सिरियाको प्राचीन पाल्मिरा सहरमा बुधबार भएको इजरायली हमलाममा ३६ जनाको मृत्यु हुनुका साथै अन्य ५०जना भन्दा बढी घाइते भएको सिरियाली रक्षा मन्त्रालयले जनाएको छ।

बेलायतमा आधारित युद्ध पर्यवेक्षक "सिरियन अब्जर्वेटरी फर ह्युमन राइट्स" ले भने इजरायली आक्रमणमा ६१ जनाको मृत्यु भएको जनाएको छ। जस मध्ये ३३ जना इरानी मिलिसियासँग सम्बन्धित सिरियाली, २२ जना गैर-सिरियाली, चार जना हिजबुल्लाह र दुई जना अज्ञात थिए।

"इजरायलले अल-तान्फ क्षेत्रको पाल्मिरा सहरका धेरै भवनहरूलाई निशाना बनाएर हवाई आक्रमण गरेको रक्षा मन्त्रालयले विज्ञप्ति मार्फत जनाएको हो। सिरियाको विदेश मन्त्रालयले "पाल्मिरा सहर विरुद्धको क्रूर इजरायली आक्रमणको कडा निन्दा गर्दै यसले यस क्षेत्रका देशहरूका जनता विरुद्धको निरन्तर अपराधलाई प्रतिबिम्बित गरेको जनाएको छ।

युनेस्कोको विश्व सम्पदा सुचिमा समावेश स्थल पाल्मिरा सिरियाली गृहयुद्धको चरम अवस्थामा इस्लामिक राज्यका जिहादीहरूले कब्जा गरेका थिए। सिरियाका पुरातत्व तथा सङ्ग्रहालयका महानिर्देशक नाजिर अवादले पछिल्लो आक्रमणमा सहरका मन्दिरहरूमा प्रत्यक्ष क्षति नभएको बताउनु भएको छ।

### पिठो तथा इन्धनको अभावले गाजामा बेकरीसमेत बन्द हुने राष्ट्रसङ्घको चेतावनी

न्यूयोर्क, ६ मङ्सिर (रासस/क्यूएनए)।

राष्ट्रसङ्घीय मानवीय मामिला समन्वय कार्यालय (ओसिएचए) ले गाजा पट्टीमा भोकमरीमा परेका प्यालेस्टिनीहरूका लागि जीवन बचाउको रूपमा सेवा गरिरहेका बेकरीहरूसमेत पिठो तथा इन्धनको अभावका कारण बन्द हुने अवस्थामा रहेको चेतावनी दिएको छ।

ओसिएइचएले आफ्नो दैनिक प्रतिवेदनमा हालको समयमा उत्तरी गाजाका केही भागहरू अनिकालको जोखिममा रहेको समेत जनाएको छ। यसका साथै गाजा पट्टीको मध्य र दक्षिणी भागहरूमा, गम्भीर भोकमरीको सामना गर्ने बाध्य परिवारहरूको सङ्ख्यामा तीव्र वृद्धि भएको रिपोर्ट गरिरहेको यसले जनाएको छ।

"विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) का सहकर्मीहरूलाई उदृत गर्दै ओसिएएचएले हाल गाजामा मानवीय साझेदारहरूद्वारा समर्थित १९ वटा बेकरीहरू मध्ये सातवटा मात्र सञ्चालनमा रहेको प्रतिवेदनमा उल्लेख गरेको छ। पिठोको अभावकै कारण यस हप्ताको सुरुमा अन्य धेरै बेकरीहरू बन्द गर्न बाध्य भएको यसले स्पष्ट पारेको छ।

### प्यालेस्टाइनद्वारा गाजा युद्धविरामको माग गर्दै राष्ट्रसङ्घको प्रस्तावमा अमेरिकी भिटोको निन्दा

रामल्लाह (प्यालेस्टाइन), ६ मङ्सिर (रासस/सिन्ह्वा)।

प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासले गाजामा इजरायली आक्रमणको अन्त्य र युद्धविरामको आह्वान गर्ने राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्तावमा बुधबार भिटो प्रयोग गरेकोमा अमेरिकाको निन्दा गरेको छ। राष्ट्रपति अब्बासले अमेरिकाले चौथो पटक भिटो प्रयोग गरी इजरायललाई प्यालेस्टिनी तथा लेबनानी जनता विरुद्धको "अपराध" र अन्तर्राष्ट्रिय कानूनको उल्ङघन गरेको उल्लेख गरेको प्यालेस्टिनी समाचार एजेन्सी डब्लुएएफए जनाएको छ।

वक्तव्यमा यहाँले राष्ट्रसङ्घीय सुरक्षा परिषद र अन्तर्राष्ट्रिय समुदायमा प्यालेस्टाइनको माग स्पष्ट रहेको जनाउदै "आक्रमण" रोक्न, युद्धविराम लागू र इजरायलले प्यालेस्टिनी जनता विरुद्ध गरेको "अपराध" लाई सम्बोधन आवाह्न गर्नु भएको छ। विज्ञप्तिमा मानवीय सङ्कट तथा भोकमरी अन्त्य गर्न तुरुन्तै कार्य गरेर प्यालेस्टिनी जनताको जिम्मेवारी लिन आग्रह गरिएको छ।

प्यालेस्टिनी अख्तियारका विदेश मामिला तथा प्रवासी राज्यमन्त्री फार्सिन शाहिनले अमेरिकी भिटोलाई अन्यायपूर्ण, र अन्तर्राष्ट्रिय समुदायको इच्छा विपरित भन्नुभएको छ।

यसै गरी हमासले एक विज्ञप्ति मार्फत भिटो प्रयोग गरेर अमेरिकाले आक्रमणको प्रत्यक्ष साझेदार बनेको प्रमाणित गरेको जनाएको छ। वक्तव्यमा अमेरिकालाई शत्रुतापूर्ण नीति" रोक्न आह्वान गर्दै युद्धको अन्त्य गरी यस क्षेत्रमा सुरक्षा र स्थिरता कायम गर्न आह्वान गरेको छ। अमेरिकाले बुधबार गाजामा तत्काल युद्धविरामको आह्वान गर्ने राष्ट्रसङ्घीय सुरक्षा परिषद्को मस्यौदा प्रस्तावमा भिटो प्रयोग गरे पछि सयुक्त राष्ट्रका अधिकांश सदस्यहरूले कडा आलोचना गरेका छन्।

परिषद्का-१० लगायत गैर-स्थायी सदस्यहरूले मस्यौदामा तत्काल, बिना शर्त र स्थायी युद्धविरामका साथै बन्धकको रिहाइको माग गरेका छन्। सुरक्षा परिषदका सदस्यहरुमा १४ ले काउन्सिलले प्रस्तावको पक्षमा मतदान गरे भने अमेरिकाले यसलाई रोक्न स्थायी काउन्सिल सदस्यको रूपमा आफ्नो भिटो प्रयोग गरेको थियो।

# प्रहरीले विशेष अभियान चलाएपछि भन्सार छलीका सामान बरामद हुँदै



**दैनिक समाचारदाता**
**राजविराज, ६ मंसिर ।**
भारतबाट तस्करी गरि नेपाल ल्याउँदै गरेको कपडा लगायतका सामान प्रहरीले विहीबार बरामद गरेको छ ।

पैदल गस्तीमा रहेको प्रहरी टोलीले सप्तरीको डाक्नेश्वरी नगरपालिका ४ कुशहा सडकखण्ड क्षेत्रबाट चेकजाँचको क्रममा गलैचा, तन्ना र सिरकका खोल लगायतको सरसामान बरामद गरेको हो ।

साइकलमा लोड गरेर ल्याउँदै गरेका व्यक्ति भने उक्त सामान प्रहरी देख्ना साथ सडकमै छाडेर भागेको प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

बरामद सामान र साइकलको मुल्याङ्कन पश्चात् आवश्यक कानुनी प्रक्रियाका लागि राजविराज भन्सार कार्यालय बुझाइएको प्रहरीले जनाएको छ ।

प्रहरीले चोरी पैठारी नियन्त्रण गर्न विशेष अभियान नै चलाएको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जनाए ।

पछिल्लो ३७ दिनको अवधीमा प्रहरीले भन्सार छलेर चोरी पैठारी गरि ल्याइएका ४७ लाख ६ हजार ५ सय मुल्य बराबरको विभिन्न सरसामान जफत गरी राजविराज भन्सार ककार्यालय चलान गरेको प्रहरी तथ्याङ्कले देखाएको छ ।

केही समययता प्रहरीले भारतीय सीमावर्ती क्षेत्रमा निगरानी कडा पारेपछी चोरी पैठारी गरि ल्याइएका विभिन्न मालसामान दिनहुँजसो बरामद हुने क्रम बढेको छ ।

# 'फर्मासिष्ट'ले अनिवार्य सेतो 'एप्रोन' लगाउनुपर्ने

काठमाडौं, ६ मङ्सिर (रासस) ।
आगामी पुस ४ गतेदेखि फर्मासिष्टहरूले सेतो एप्रोन लगाएर मात्र औषधि वितरण गर्नुपर्ने अनिवार्य व्यवस्था लागु गरिएको छ ।

नेपाल फार्मेसी परिषद्ले एक सूचना जारी गर्दै कुनै पनि सामुदायिक फार्मेसी वा अस्पतालका फार्मेसीमा औषधि वितरकका रूपमा कार्यरत फर्मासिष्ट र फार्मेसी सहायकले औषधि वितरण गर्दा नामसहितको सेतो एप्रोन(बाहिरी पोसाक) अनिवार्य लगाउनुपर्ने व्यवस्था गरेको हो ।

परिषद्का रजिष्ट्रहसर सञ्जीवकुमार पाण्डेले फर्मासिष्ट र फार्मेसी सहायकले यसको उल्लङ्घन गरेमा परिषद्को आचारसंहिता पालना नगरेको मानेर नियमानुसार कारबाही गरिने बताउनुभयो । उहाँले भन्नुभयो, "ड्रेसकोडको पालना भए/नभएको परिषद्बाट नियमित अनुगमन हुनेछ । पालना नभएको अवस्थामा परिषद्को नियमावली, २०५९ अनुसार कारबाही प्रक्रिया अघि बढाइन्छ ।"

परिषद् ऐनको दफा ९ को उपदफा (क) ले दिएको अधिकार प्रयोग गरी फार्मेसी परिषद्ले फर्मासिष्टले हरियो पृष्ठभूमिमा सेतो रङ्गको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बर उल्लेख गरिएको ड्रेसकोड लगाउनुपर्ने नियम बनाएको छ । त्यस्तै, फार्मेसी सहायकले निलो पृष्ठभूमिमा सेतो रङ्गको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बरसहितको एप्रोन लगाउनुपर्ने व्यवस्था गरेको हो ।

# बाढीबाट भएको क्षतिको विवरण सङ्कलन गर्दै कृषि मन्त्रालय

काठमाडौं, ६ मङ्सिर (रासस) ।
कृषि तथा पशुपक्षी विकास मन्त्रालयले कृषि क्षेत्रमा बाढीपहिरोबाट भएको क्षतिको तथ्याङ्क सङ्कलन थालेको छ ।

गत असोजको बाढीपहिरोले देशभर भएको क्षतिको विवरण सङ्कलन प्रदेशस्थित कृषि कार्यालयमार्फत थालिएको उक्त मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले बताउनुभयो ।

वास्तविक किसानको नोक्सानीको विवरण सङ्कलन भएपछि उनीहरूलाई विभिन्न दातृ निकाय तथा विकास साझेदारसँग समन्वय गरी सहयोग गर्ने सरकारको योजना छ ।

सूचना अधिकारी जोशीका अनुसार सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपुर, बागलुङ, खोटाङ, झापा, कैलाली, लमजुङ, पर्वत, कास्की, स्याङ्जा, सिन्धुली, मकवानपुर र काभ्रेपलाञ्चक जिल्लामा क्षति भएको छ । बाढीबाट रु छ अर्बको क्षति भएको मन्त्रालयको अनुमान छ ।

# वीरगन्जलाई आर्थिक राजधानी घोषणा गर्न माग

**दैनिक समाचारदाता**
**बिरगंज, ६ मंसिर ।**
आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले वीरगन्जलाई आर्थिक राजधानी घोषणा गर्न माग गरेका छन् ।

आजपा मधेस प्रदेश कमिटीद्वारा आयोजित 'भ्रष्टाचार विरुद्ध मधेस यात्रा' कार्यक्रमको बिहीबार पर्साको निचुटामा आयोजित आमसभालाई सम्बोधन गर्दै उनले यस्तो माग गरेका हुन् ।।

एवं पूर्वमन्त्री समेत रहेका अध्यक्ष साहले मुलुकको ८० प्रतिशतभन्दा बढी राजस्व सङ्कलन यही क्षेत्रबाट हुँदै आइरहेको भए पनि यस क्षेत्रको विकासमा राज्यले चासो नदिएको आरोप लगाउँदै उद्योगधन्दा भएको वीरगन्ज क्षेत्रलाई आर्थिक राजधानी घोषणा गर्नुपर्ने उल्लेख गरे ।

कमिसनको लोभमा निजी सम्पत्ति लुट्ने गरिएको बताउँदै उनले त्यसको हिस्सा तलदेखि माथिसम्मकाले बाँडेर खाने गरेको आरोप लगाए । सीमावर्ती क्षेत्रका नागरिकको निजी सम्पत्ति लुटेर भन्सारको कानूनमा ४५ प्रतिशत कमिसन खाने व्यवस्थाको अन्त्य हुनुपर्ने बताउँदै उनले यसका बिरुद्धमा कडा आन्दोलनको आवश्यकता भएको बताए ।

प्रधानमन्त्री ओलीले शान्ति सुरक्षा कायम गर्न असफल भएको बताउँदै उनले अहिले सबै क्षेत्रमा सरकारकारी आतंक मचाइएको समेत दाबी गरे ।

'नेपालको सीमा क्षेत्रमा बसोबास गर्ने नेपालीले भारतबाट घरेलु प्रयोगका लागि केही समान ल्याउँदा उनीहरूको निजी सम्पत्ति नै लुट्ने, जफत गर्ने, कब्जा गर्ने काम प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारले गरिरहेको छ,' आजपा अध्यक्ष साहले भने, 'सीमावर्ती क्षेत्रमा भन्सार नखोल्ने, भएको भन्सार कार्यालयको स्तरोन्नति नगर्ने वर्तमान सरकारले केवल सीमावर्ती क्षेत्रका नागरिकलाई दुख मात्रै दिइरहेको छ । सीमावर्ती क्षेत्रका नागरिकलाई भन्सार कार्यालय दिनुपर्‍यो । उनीहरू कुनै समान ल्याइरहेका छन् भने उनीहरूबाट भन्सार लिनु, नकि उनीहरुको निजी सम्पत्ति नै जफत गर्ने अधिकार यो सरकारलाई छैन ।'

# राजस्व सङ्कलन बढ्यो

काठमाडौं, ६ मङ्सिर (रासस) ।
चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चौमासिकको राजस्व सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा करिब १७ प्रतिशतले वृद्धि भएको छ ।

अर्थ मन्त्रालय उच्च व्यवस्थापन समितिको बिहीबारको बैठकमा प्रस्तुत गरिएको विवरण अनुसार गत वर्ष यही अवधिमा रु दुई खर्ब ७६ अर्ब राजस्व सङ्कलन भएको थियो । चालु आवको चार महिनामा रु तीन खर्ब २३ अर्ब २४ करोड राजस्व सङ्कलन भएको छ ।

सरकारले लक्ष्यअनुसार राजस्व उठाउन सकेको भने देखिदैंन । पछिल्लो पाँच वर्षको राजस्व परिचालनको तुलनात्मक अवस्थालाई हेर्दा आव २०७६/७७ मा रु ११ खर्ब १२ अर्ब तीन करोड लक्ष्य रहेकोमा ७१ दशमलव ३८ प्रतिशत प्रगति भएको थियो ।

आव २०७७/७८ मा रु १० खर्ब ११ अर्ब ७६ करोड लक्ष्य रहेकामा ९२.५० प्रतिशत, आव २०७८/७९ मा रु ११ खर्ब ८० अर्ब ६० करोड राजस्व सङ्कलनको लक्ष्य रहेकामा ९०.२४ प्रतिशत, आव २०७९/८० मा रु १४ खर्ब तीन अर्ब १५ करोड राजस्व सङ्कलनको लक्ष्य रहेकामा ६८.२३ प्रतिशत र गत आव २०८०/८१ मा रु १४ खर्ब २२ अर्ब ५४ करोड राजस्व सङ्कलनको लक्ष्य रहेकामा ७४.५४ प्रगति भएको थियो ।

चालु आवको वार्षिक राजस्व सङ्कलनको लक्ष्य रु १४ खर्ब १९ अर्ब ३० करोड रहेको मन्त्रालयले जनाउको छ । यो लक्ष्य भनेको गत आवको यथार्थ असुलीको तुलनामा करिब ३४ प्रतिशतको वृद्धि हो ।

यसैमध्ये चालु आवको प्रथम चार महिना (साउन, भदौ, असोज र कात्तिक) मा रु चार खर्ब ६ अर्ब ३७ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा रु तीन खर्ब २३ अर्ब २४ करोड अर्थात् लक्ष्यको करिब ८० प्रतिशत राजस्व सङ्कलन भएको छ । यो गत वर्षको यसै अवधिको राजस्व सङ्कलनको तुलनामा १६.८५ प्रतिशत वृद्धि बढी हो ।

बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राजस्व सुकलनको लक्ष्य प्राप्त गर्न स्रोत र खर्च व्यवस्थापन महत्वपूर्ण रहेको उल्लेख गर्दै करको दायरा विस्तार, बक्यौता असुली, कर प्रशासनको प्रभावकारिता, कर्मचारीको आचारण, अन्तरमन्त्रालय समन्वय, भन्सार विन्दुभन्दा बाहिरका गतिविधि, कर प्रशासनमा सिर्जना गर्न खोजिएका चुनौतीलगायत पक्षलाई ध्यान दिएर अघि बढ्न आवश्यक रहेको बताउनुभयो । उहाँले कर सङ्कलन प्रणाली तोड्न (सिस्टम ब्रेक) खोज्नेलाई कानुन बमोजिम हदैसम्मको कारबाही गर्नसमेत निर्देशन दिनुभयो ।

अर्थ सचिव डा रामप्रसाद घिमिरेले राजस्वको लक्ष्य पूरा गर्ने गरी मन्त्रालय अघि बढ्ने बताउँदै राजस्व सङ्कलन रणनीति कार्यान्वयनमा जोड दिनुभयो । उहाँले राजस्वको लक्ष्य प्राप्त गर्न सरोकार भएका सबैले थप मेहनतका साथ अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

अर्थ मन्त्रालयमा प्रवक्ता महेश भट्टराईले विगतको तुलनामा राजस्व सङ्कलन वृद्धि भए पनि चालु आवको लक्ष्य पूरा गर्न कर प्रशासनसँग सम्बन्धित सबै पक्षबीच समन्वय तथा सहयोग जरुरी रहेको जनाउँदै त्यसलाई मन्त्रालयले प्राथमिकता दिएर काम गरिरहेको बताउनुभयो ।

भन्सार विभागका महानिर्देशक हरिशरण पुडासैनी र आन्तरिक राजस्व विभागका महानिर्देशक रामप्रसाद आचार्यले राजस्व सङ्कलनका क्षेत्रमा देखा परेका अवसर र कमजोरीलाई ख्याल गर्दै राजस्व सङ्कलनको लक्ष्य पूरा गर्न आफूहरूले सक्दो पहल गरिरहेको बताउनुभएको थियो ।

## 'प्रादेशिक तथा ...

घर परिवारलाई ३० मिनेटको दुरीमा सर्वयाम सञ्चालित यातायात पहुँच पुर्‍याउने लक्ष्य रहेको छ । साथै सोही योजनाको अपेक्षित उपलब्धिमा स्थानीय तहका केन्द्र र सबै वडा कार्यालय सडक सञ्जालबाट जोडिएका हुने भनी उल्लेख छ ।

सन् २०१९ मा गरिएको अध्ययनमा २१ स्थानीय तहका केन्द्रहरु सडक संजालमा नै नजोडिएका तथा सडक संजालले छोएका २०० स्थानीय तहका केन्द्रहरु जोड्ने सडकहरु धुले अवस्थामा भई सुख्खा मौसमी मात्र रहेको देखिएको थियो । ती सडकहरुलाई पक्की सडकमा स्तरोन्नति गरी सर्वयाम सञ्चालन योग्य बनाउनु पर्ने अध्ययनको सुझाव छ ।

कार्यक्रमको अवधि आर्थिक वर्ष २०८०/८१ देखि २०८४/८५ सम्म रहेको छ । कार्यक्रमको लागत अनुमान १२८ मिलियन अमेरिकी डलर ( करिब १६ अर्ब ६४ करोड रुपैया) रहेको छ । त्यसमध्ये १०० मिलियन अमेरिकी डलर विश्व बैंकको ऋण र २८ मिलियन अमेरिकी डलर नेपाल सरकारको रहने समझदारीपत्रमा उल्लेख छ ।

## आर्थिक अभावले...

सन्तानको लालन पालनमा समस्या भएको छ ।"

आफ्नो नाउँमा एक धुर जग्गा नरहेको सदा परिवार अहिले सडक किनारमा २ धुर एलानी जग्गामा फुसको झुप्रो बनाई वसोवास गर्दै आएका छन् । उपचारका लागी सदा परिवारको आर्थिक अवस्थाले धान्न नसक्ने भएपछी सहयोगका लागी हात फैलाएको वडा अध्यक्ष शशी चौधरीले बताए ।

दैनिक मजदुरीमा जान नपाउँदा आम्दानीको बाटो बन्द भई हातमुख जोडन तथा विरामी परेका रुपेशको उपचारमा समस्या भएकाले सबैले मिलेर सहयोग गर्नु पर्ने वडा अध्यक्ष चौधरीको भनाइ छ ।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणीय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढरहौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका**
**गाउँ कार्यापालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*